# मौलिकतामा रमाएको हाँडीगाउँ



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १३ पुस

नेवारी पोसाकमा सजिएर बारा बनाउँदै थिइन् श्याम माया महर्जन । मासको पिठो, मसलामा अण्डा राखेर उनले ग्राहकलाई बारा खुवाइरहेकी थिइन् ।

काठमाडौं महानगरपालिका-५ हाँडीगाउँमा प्रत्येक शनिबार मेला लाग्छ। जहाँ नेवारी पोसाकमा सजिएर नेवारी खाना बनाएर प्रत्येक घरघरका आँगनमा खुवाउने गरिन्छ। महर्जनले पनि आफ्नै घरको आँगनमा बारा बनाएर खुवाइरहेकी थिइन्। उनीसँगै नेवारी दिदीबहिनी समूह बनाएर कसैले योमरी, मासुका विभिन्न परिकार सपु म्हिचालगायत बनाइरहेका थिए ।

यहाँ शनिबार नेवारी परिकारको स्वाद लिन आउनेहरूको भिड लाग्छ। 'हप्तामा एक दिन भए पनि आफ्नो पोसाकमा सजिएर नेवारी परिकार चखाउन पाएका छौं,' 'महर्जनले भनिन् । मौलिक परिकार बनाएर खुवाउन पाउँदा खुसी भएको उनले बताइन् ।

हाँडी गाउँका श्याम डंगोलले सपु म्हिचा बनाउँदै थिए । 'नेवारीको मुख्य परिकारमध्ये सपु म्हिचा हो, एकपटक चाखेर जानुस्,' मेलामा आउने पाहुनालाई उनले आफूले बनाएका परिकारबारे बताउँदै भने। 'बोन म्यारो राखेर बनाइन्छ, स्वादिष्ट छ,' उनले भने ।

उनले पनि आफ्नो पहिचान र संस्कारअनुसारको परिकार बनाएर बिक्री गर्न पाएकोमा खुसी व्यक्त गरे। 'हामी नेवार समुदायको संस्कार, संस्कृति पनि प्रचार प्रसार हुने,' उनले भने, 'केही आम्दानी पनि हुन्छ, रमाइलो लागिरहेको छ ।'

काठमाडौं महानगरपालिकाले पछिल्लो दुई वर्षदेखि हाँडी गाउँमा कार फ्री स्याटडे मेला लगाउँदै आएको छ। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि सुरक्षा कारण देखाउँदै मेला स्थगित गरिएको थियो। पुस १२ गतेको शनिबारदेखि उक्त मेला पुनः सुचारु हुन थालेको छ ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन)ले शनिबार नरः दे हाँडी पुनः सुचारु भएको भन्दै स्वादिष्ट मौलिक नेवारी परिकारहरूको स्वाद लिनुहोला भन्दै फेसबुकमार्फत जानकारी गराएका थिए। मेला पुनः सुरु हुन थालेपछि स्थानीय खुसी छन् । शनिबार यहाँका स्थानीय बिहानैदेखि मौलिक परिकार बनाउन जुटिरहेका हुन्छन् ।

काठमाडौं महानगरपालिका-५ का वडा अध्यक्ष वीरेन्द्र प्रजापतीले लिच्छविकालीन समयदेखि मानव वस्तीको सुरुवात भएकाले त्यसैलाई जीवन्त दिनको लागि मेलाको आयोजना गरिएको बताए।

'लिच्छविकालका शिलालेख, पूर्वाधार, पौवा, पाटीलगायतका मौलिक संस्कार जीवन्त राख्न मेला सञ्चालन गरेका छौं,' उनले भने ,'प्रत्येक शनिबार दिनको २ बजेदेखि साँझ ८ बजेसम्म मेला सञ्चालन हुन्छ ।'

यसबाट स्थानीयहरूको आयमा सहयोग पुग्न थालेको उनले बताए। मेलामा हाँडीगाउँको मौलिक जीवन पद्धतिसँग सम्बन्धित कला तथा सिप (सुकुल बुन्ने, काष्ठकला, माटोका भाँडा बनाउने), रञ्जना लिपि लेखन सिप, मौलिक खाना, परम्परागत वाद्यवादन, गायन तथा नृत्य र मौलिक सामाजिक खेलसहितको सडक महोत्सव हुने गर्छ ।

समूह बनाएर नेवार समुदायको संस्कार, संस्कृति, परिकारलगायतका प्रदर्शन गर्ने गरेको उनले बताए । शनिबार सो क्षेत्रमा सवारीसाधनलाई प्रवेश निषेध गरेर मेला लाग्ने गर्छ। मेलाको दिन विशेषगरि यस ठाउँमा हावाको चर्चा हुने गर्छ । काठमाडौं उपत्यकामा बढ्दै गएको वायु प्रदूषणको अवस्थामा सुधार ल्याउन यहाँ हरेक शनिबार यसबारे छलफल हुने गरेको छ ।

वायु प्रदूषण बढाउनेमा मुख्य भूमिका सवारीसाधनले खेलेको हुन्छ । सवारीसाधनको प्रयोग कम गराउने, सवारी साधन प्रयोग नगर्दा हुने ठाउँमा नचलाउने, यसको सट्टा हिँड्ने संस्कृति बढाउँदै लैजानेलगायत क्रियाकलाप अभियानले सञ्चालन गरिरहेको छ । वातावरणीय सुधारका लागि दथु टोल कृष्ण मन्दिर, डबली चोक हुँदै कोटाल टोल भवरकुँसम्म सडक खण्डमा हरेक शनिबार सवारी प्रवेशमा रोक लगाउने गरिएको छ ।

हाँडीगाउँमा विशेषगरी कोजाग्रत पूर्णिमाको भोलिपल्टदेखि ३ दिनसम्म यो जात्रा मनाउने गरिन्छ। लहरै तीनवटा रथ निकालेर सुरु गरिने यो जात्रा काठमाडौंका अन्य जात्रा भन्दा फरक हुन्छ। रथको गजुर तलपारी र गर्भगृह र भगवानको मूर्तिमाथि राखेर रथको निर्माण गरिन्छ ।

# मेची भन्सारमा 'अनलाइन भ्यालुएसन सफ्टवेयर' लागू




**झापा/मस-** पूर्वीनाका काँकरभिट्टास्थित मेची भन्सार कार्यालयमा परीक्षणका रूपमा 'अनलाइन भ्यालुएसन सफ्टवेयर' प्रणाली लागू भएको छ ।

सन्दर्भ मूल्यसूचीको साटो कारोबर मूल्यलाई नै आधार मानेर व्यापारिक वस्तुको यथार्थ भन्सार मूल्यांकन हुने भएको हुँदा यस प्रणालीले भन्सार प्रणालीलाई पारदर्शी र छरितो तुल्याउने मेची भन्सार कार्यालयका प्रमुख कर अधिकृत शिवलाल न्यौपानेले जानकारी दिए ।

मेची भन्सारसहित मुलुकका आठवटा भन्सारका परीक्षणका रूपमा अनलाइन भ्यालुएसन सफ्टवेयर प्रणाली लागू गरिएको जनाइएको छ। झापाको मेची भन्सार र भद्रपुर भन्सार कार्यालयमा पुसको दोस्रो सातादेखि यो प्रणाली लागू गरिएको हो ।

वैध व्यापारलाई प्रोत्साहन गरिने भएकाले प्रणालीबाट राजस्व चुहावटमा कमी आउने प्रमुख कर अधिकृत न्यौपानेले बताउनुभएको छ । विश्व व्यापार संगठनले अनलाइन भ्यालुएसन प्रणाली लागू गर्न आफ्ना सदस्य मुलुकलाई आग्रह गर्दै आएको थियो ।

प्रणाली शुभारम्भ गर्न आएका अर्थ मन्त्रालयका सहसचिव उत्तर कुमार खत्रीले यस प्रणालीबाट भन्सारमा हुने विभिन्न किसिमका अनियमिता र अनौपचारिक कारोबारमा कमी आउने बताए । उनले सरकारले भन्सारमा सुशासन र करदातामैत्री व्यवस्थालाई प्रोत्साहित गरिरहेको जनाउँदै प्रणाली कार्यान्वयनमा निजी क्षेत्रले सहजीकरण गर्नुपर्ने बताए ।

मेची भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजस्व संकलनको वार्षिक लक्ष्य लिएको छ । जसमध्ये चालु आर्थिक वर्षको साउनदेखि मंसिरसम्मको पाँच महिनामा ६ अर्ब ८२ करोड २ लाख ७२ हजार राजस्व संकलन गरिसकेको कार्यालयले जनाएको छ ।

# इयुले युवा उद्यमीसँग माग्यो आइडिया प्रस्ताव



**काठमाडौं/मस-** युरोपियन युनियन (इयु)ले दिगो प्याकेजिङ प्रवर्धन गर्ने उद्देश्यले युवा उद्यमीलाई लक्षित गर्दै ७ लाखबराबरको अनुदानका लागि नवीन नवप्रवर्तन आइडिया (सोच) पेस गर्न आह्वान गरेको छ ।

इयुको सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रिनसिफ्ट नेपाल परियोजनाअन्तर्गत प्लास्टिक झोलाको विकल्पमा प्रयोग गर्न सकिने वातावरणमैत्री र दिगो प्याकेजिङसम्बन्धी नवीन आइडिया प्रस्तुत गर्ने युवा उद्यमीलाई उक्त अनुदान प्रदान गरिन बताइएको छ ।

अनुदानका लागि बागमती, लुम्बिनी र मधेस प्रदेशका युवाले आफ्नो आइडियासहितको प्रस्ताव आगामी माघ १ गतेभित्र पेस गर्नुपर्नेछ । प्राप्त प्रस्तावमध्ये विज्ञहरू सम्मिलित छनोट समितिले मूल्यांकन गरी एक जनालाई विजेता घोषणा गर्ने प्रस्तावमा उल्लेख छ ।

क्रिएसन नेपालकी कार्यक्रम निर्देशक सुजाता कोइरालाका अनुसार विजेता टिमलाई अनुदानसँगै प्राविधिक सहयोग, उत्पादनपछि बजार खोजी तथा दीर्घकालीन रूपमा व्यवसाय टिकाइराख्न आवश्यक अन्य लगानी स्रोत पहिचानमा सहयोग गरिनेछ ।

# सिटिजन्स क्यापिटलले पायो 'एएमसी क्वालिटी ३ प्लस'

**काठमाडौं/मस-** नेपालको क्रेडिट रेटिङ संस्था इक्रा नेपाल लिमिटेडले सामूहिक लगानी कोष व्यवस्थापकका रूपमा कार्य गर्दै आइरहेको सिटिजन्स क्यापिटल लिमिटेडलाई 'एएमसी क्वालिटी ३ प्लस'मा प्रदान गरेको छ। कम्पनीले यसअघिको 'एएमसी क्वालिटी ३' रेटिङलाई पुनरावलोकन गरी 'एएमसी क्वालिटी ३ प्लस' प्रदान गरेको हो ।

इक्रा नेपालले सिटिजन्स क्यापिटल लिमिटेडको सुदृढ व्यवस्थापन संरचना, प्रभावकारी जोखिम व्यवस्थापन, सन्तुलित आन्तरिक नियन्त्रण व्यवस्था तथा लगानी व्यवस्थापन क्षमतामा आएको सुधारलाई आधार मानी उक्त रेटिङ प्रदान गरेको हो । उक्त रेटिङले कम्पनीको सञ्चालन स्थायित्व, सुशासन अभ्यास, अल्पकालिन तथा दीर्घकालिन लगानी रणनीति, सामूहिक लगानी कोषका योजनाहरूले प्रदान गरेको प्रतिफल र दीर्घकालीन व्यावसायिक सम्भावनालाई सकारात्मक रूपमा प्रतिबिम्बित गर्दछ ।

# चाँदी आयातमा विदेशी मुद्रा सटही सुविधामा हेरफेर




**काठमाडौं/मस-** नेपाल राष्ट्र बैंकले चाँदी आयातका लागि पाइने विदेशी मुद्राको सटही सुविधामा हेरफेर गरेको छ ।

नेपाल राष्ट्र बैंकले आइतबार एकीकृत परिपत्र-२०८१ मा संशोधन गर्दै चाँदी आयातका लागि महिनामा उद्योगले २० लाख अमेरिकी डलर र अन्य व्यवसायीले चार लाख अमेरिकी डलर बराबर सटही सुविधा पाउने जनाएको हो।

यसअघि उद्योगले एकपटकमा ५ लाख र अन्य व्यवसायीले १ लाख अमेरिकी डलरबराबरको चाँदी आयातका लागि मुद्रा सटही सुविधा पाउने गरेका थिए । राष्ट्र बैंकले नयाँ व्यवस्थामार्फत मासिक कोटा तोकिदिएको हो ।

# नेपाल क्लियरिङ हाउसले ल्यायो 'नेपाल पे नेसनल कार्ड'

**काठमाडौं/मस-** नेपाल क्लियरिङ हाउस लिमिटेडले डिस्कभर नेटवर्कसँगको सहकार्यमा नेपालको नेसनल कार्ड स्किम, नेपाल पे कार्डको कमर्सियल रोलआउट सुरु गरिएको घोषणा गरेको छ। नेसनल पेमेन्ट स्विच परियोजनाअन्तर्गत नेसनल कार्ड स्विच र नेपाल पे कार्ड पूर्ण रूपमा सञ्चालनमा ल्याइएको हो ।

जसबाट बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने नेपाल पे कार्डहरू नेपाल भरिका एटिएम र पिओएस टर्मिनलमा मात्र नभई विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने भएको क्लियरिङ हाउसले जनाएको छ ।

यस सहकार्यपछि नेपाल पे कार्डका प्रयोगकर्ताहरूले डिस्कभर नेटवर्क र डिनर्स क्लब इन्टरनेसनलको विश्वभरि संयुक्त रूपमा रहेका १ सय ९० भन्दा बढी देश तथा क्षेत्रहरूमा उक्त कार्डको प्रयोग गर्न सक्नेछन्। साथै, नेपालका मर्चेन्टहरूले ३० भन्दा बढी नेटवर्क एलायन्सहरू तथा डिनर्स क्लब कार्डहरूमा आबद्ध विश्वभरका ३ सय ७८ मिलियनभन्दा बढी कार्डबाट भुक्तानी प्राप्त गर्न सक्नेछन् ।

एनसिएस र नेपाल पे कार्डले स्वदेशी कार्ड कारोबारमा लागत घटाउने, डाटा लोकलाइजेसन कार्यान्वयन गर्ने तथा डिजिटल इकोसिस्टममा नवप्रवर्तनलाई प्रवर्धन गर्ने अपेक्षा गरिएको छ ।


## Ratuwamai Municipality
## Office Of Municipal Executive

Sijuwa,Morang
Koshi Province, Nepal

**Invitation for Procurement of Works**

**First Date of Publication : 2082/09/14**

1. Ratuwamai Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction works mentioned below :-

| S.N | Contract Name/Contract ID | Estimated amount NRs (Without VAT and contingencies) | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|
| 1. | Kadupada Paschim Holi Ma Raheko Paani Nikasa Karya,Ratuwamai-06 (Rmun/NCB/ Works/11/2082/83) | 21,89,004.60/- | 3000 | 65,000 | Submission Deadline 2082/10/14 12:00 Noon Opening Date 2082/10/14 13:00 Noon |
| 2 | Upgradation of Gurung Chowk-Shantipur-Ulloghutu Sadak (Rmun/NCB/Works/12/2082/83) | 24,49,339.22/- | 3000 | 70,000 | |
| 3 | Saraswati Ma Vi Kadupada Uttar Katnu Khola Tatha Deramari Hudai Singadi Jodne Baato maa Culvert Nirman (Rmun/NCB/Works/13/2082/83) | 26,27,954.64/- | 3000 | 75,000 | |
| 4 | Sijuwa Bajar Maa Interlock Block Laune Karya (Rmun/SQ/Works/05/2082/83) | 11,63,351.31/- | 1000 | 30,000 | Submission Deadline 2082/09/29 12:00 Noon Opening Date 2082/09/29 13:00 Noon |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp .
3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata : Rajashwa Shirshak(revenue No.): 14229**<br>Account Number : **09701400000093** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata**<br>Account Number : **09701400000031** |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**